## महासचिवका तर्फबाट जारी गरिएको वक्तव्य

१३ अप्रिल २००६

“महासचिव नेपालको बिग्रँदो स्थितिप्रति पहिलेभन्दा बढी चिन्तित हुनुहुन्छ, खासगरी राजनीतिक समाधानतर्फ कुनै कदम नचालिएकोमा । उहाँले सबै नेपाली राजनीतिक शक्तिहरूबीच समावेशी राष्ट्रिय संवाद हुनुपर्ने आफ्नो आह्वान तथा थप रक्तपात रोक्न एवं वर्तमान अवस्थाबाट पार पाउनका लागि श्री ५ ले साहसिक कदमहरू चाल्नुपर्ने कुरामा जोड दिनुभएको छ ।

“नेपाली जनताले द्वन्द्व र अस्थिरताको तत्काल अन्त्य तथा लोकतन्त्रको अविलम्ब पुनर्बहाली चोहेको कुरा प्रस्टै छ । जीवनको क्षति र वैधानिक अधिकारहरूको अस्वीकृतिलाई तुरुन्त अन्त्य गरिनुपर्छ ।”